# Press Note

मिति २०७४।१२।५ गते

डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेड केन्द्रीय कार्यालय नारायणगढको आयोजनामा ७ वटा ईलाका कार्यालयहरू (ईलाका कार्यालय सुनसरी, सिन्धुली, सिमरा, नारायणगढ, बुटवल, बगर, गजुरी र सानेपा ललितपुर) अर्न्तगतका ३५ वटा शाखा कार्यालयहरूमा यहि मिति २०७४।११।२२ देखि २०७४।१२।३ सम्म केन्द्र प्रमुख वित्तीय साक्षरता गोष्ठी सम्पन्न भयो । नायव प्रमुख कार्यकारी अधिकृत श्री मुरलीप्रसाद लम्साल, मुख्य प्रबन्धक श्री पुष्पराज अधिकारी र हरिप्रसाद आचार्य, प्रबन्धकहरू बुद्धिराज घिमिरे, युवराज बर्तौला, पवनराज पाठक र बरिष्ठ अधिकृत देशबन्धु चौधरीको नेतृत्वमा ७ वटा टोली गठन गरी २० वटा जिल्लामा रहेका ३५ वटा शाखा कार्यालयहरूका २,३११ जना केन्द्र प्रमुखहरूको उक्त वित्तीय साक्षरता गोष्ठीमा सहभागीता रहेको थियो । ईलाका कार्यालय बुटवल अर्न्तगत भैरहवा र परासीमा शाखामा भएको कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत श्री अमराज खड्काका उपस्थिति रहेको थियो । वित्तीय साक्षरता गोष्ठीमा डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडले संचालन गरेका पद्धतिहरू, बचत तथा कर्जा सेवाहरू (बचत, कर्जा, वीमा, रेमिटेन्स, ग्राहक सुरक्षण तथा भलाईकोष आदि) तथा बैंकको हालको अवस्था बारेमा छलफल, लघुवित्त कार्यक्रमले समाजमा पारेको सकारात्मक प्रभाव, दोहोरोपना तथा अधिक कर्जाले सदस्यहरूमा पार्न सक्ने नकारात्मक प्रभाव, वित्तीय शिक्षाको महत्व, लघुवित्तका अवसर र चुनौतीहरू बारेमा छलफल गरी सहभागी केन्द्र प्रमुखहरूको जिज्ञासाहरू तथा सुझावहरू संकलन गरिएको थियो । कार्यक्रममा सहभागी केन्द्र प्रमुखहरूले आफ्ना सफलताका कथाहरू, लघुवित्त संस्थाहरूको दोहोरोपनाले पार्न सक्ने नकारात्मक प्रभाव, संस्थाले चाल्नु पर्ने कदमहरूबारेमा आफ्ना भनाईहरू राखेका थिए । उक्त कार्यक्रममा असल केन्द्रका गुणहरू, केन्द्र प्रमुखहरूको भुमिका, बचतको महत्व, कर्जा लगानीमा सदस्यहरूले पुऱ्याउनु पर्ने सावधानी बारेमा छलफल गरी सहभागीहरूबाट उठेका जिज्ञासा तथा समस्याहरूको समाधानका उपायका बारेमा प्रशिक्षण दिईएको थियो । गोष्ठी सञ्चालन गरिएका सबै शाखा कार्यालयहरूका केन्द्रहरू मध्ये सर्वोत्कृष्ठ हुने प्रतिशाखा ३ वटा (प्रथम, द्धितीय र तृतीय) हुने केन्द्रहरूलाई प्रसंसापत्र र नगद पुरस्कारले पुरस्कृत गरिएको थियो । शाखा कार्यालय हेटौंडाको गोष्ठीमा घरेलु तथा सिप विकास कार्यालयबाट अधिकृत यमुना सापकोटा, पशुसेवा कार्यालयका प्राविधिक प्रकाश पौंडेल र नगर पालिकाबाट कृषि प्राविधिक देवेन्द्र बहादुर सिंहले आ आफ्ना कार्यालयहरूबाट महिला सदस्यहरूलाई दिईने सेवाहरूबारेमा जानकारी दिनु भएको थियो ।




शाखा कार्यालय गोरखा बजारको वित्तीय साक्षरता गोष्ठी ०७४/११/२२



शाखा कार्यालय कावासोतीको वित्तीय साक्षरता गोष्ठी ०७४/११/२५




शाखा कार्यालय चनौलीको वित्तीय साक्षरता गोष्ठी ०७४/११/२७



शाखा कार्यालय टांडीको वित्तीय साक्षरता गोष्ठीमा सहभागी केन्द्र प्रमुखहरू ०७४/११/२९